बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ. व. २०७५–०७६

# बुटवल पावर कम्पनी लिमिटेडको २७ औं वार्षिक साधारण सभाको कार्यक्रम

**साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति :** **२०७६ पौष २४ गते बिहिवार (तद्नुसार जनवरी ९, २०२०) ।**

**स्थान :** **कार्की ब्याङक्वेट, ववरमहल काठमाण्डौं ।**

**समय :** **बिहान ११:०० बजे ।**

## छलफलका विषयहरु :

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५/०७६ को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७६/०७७ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरूलाई आ.ब. २०७५/२०७६ को मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूंजीको १८% (अठार प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

५. संचालकहरूको भत्ता तथा अन्य सुविधाहरू पुनरावलोकन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

१. बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रवन्धपत्रको दफा ५(ख) संशोधन गर्ने ।
(नोटः शेयरधनीहरूलाई १०% बोनस शेयर जारी गर्नका लागि कम्पनीको हालको चुक्ता पूँजी रू. २,४४,०५,५५,४०० बृद्धि गरी रू. २,६८,४६,११,००० पुऱ्याउने । )

२. आ.ब. २०७५/०७६ को मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूंजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने ।
(नोटः कम्पनीको हाल चुक्ता पूँजी रू. २,४४,०५,५५,४०० रहेका छ र बोनस शेयर बाँडफाँड गर्दा दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशसंग समायोजन गरी वितरण गर्ने ।)

३ आ.व. २०७५।०७६ मा विभिन्न व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. २,०४,००० अनुमोदन गर्ने ।

४. तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र लगायत संम्पत्ति एवं दायित्व नया कम्पनीमा हस्तान्तरण गर्ने ।

(नोटः यस आयोजनालाई यस भन्दा माथीको आयोजना र यस भन्दा तलको अर्को आयोजनासंगै क्यासकेड अवधारणामा स्रोतको अधिकतम उपयोग हुनेगरी तथा सो आयोजनाहरूवाट हुने उत्पादन बढाउने गरी विकास गर्न SCIG International Limited, HongKong; Xingcheng International Investment Co.Limited, Hong Kong; QYEC International Co. Limited, Hong Kong; and S.C.I.G. International Nepal Hydro Joint Development Company Private Limited, Nepal संगको संयुक्त लगानीमा स्थापना हुने कम्पनीमा सो हस्तान्तरण गरिने ।)

५. कम्पनीको नाममा रहेको मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.को ८०.६% शेयर बिक्री गर्ने ।

(नोटः यस आयोजना भन्दा तलका दुई आयोजनाहरूसंग क्यासकेड अवधारणामा स्रोतको अधिकतम उपयोग हुने गरी तथा सो आयोजनाहरूवाट हुने उत्पादन बढाउने गरी विकास गर्न हाल कम्पनीको नाममा ८८५,९६० कित्ता शेयरहरू रहेकोमा ७१४,०८४ कित्ता (८०.६%) शेयरहरू SCIG International Limited,HongKong;Xingcheng International Investment Co. Limited, Hong Kong; QYEC International Co. Limited, Hong Kong; and S.C.I.G. International Nepal Hydro Joint Development Company Private Limited, Nepal लाई बिक्री गरिने ।)

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७६।९।९ देखी मिति २०७६।९।२४ सम्म बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न सकिने छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी बदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

५. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः बदर हुनेछ । तर त्यस्तो जानकारी हाजिर पुस्तिका खुल्ला रहने अवधी भित्रै दिनुपर्ने छ नदिएमा प्रोक्सीनै कायम हुनेछ ।

६. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि ११:०० वजेसम्म खुल्ला रहने छ । शेयरधनी नं. वा डिम्याट खाता नं.को आधारमा हाजिरी गर्ने व्यवस्था गरिएको छ । हाजिरी गर्नका लागि शेयरधनीले आफ्नो परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

७. शेयरधनी कुनै संगठित संस्था वा कम्पनी भएमा त्यस्तो शेयरधनीले आफ्नो पदाधिकारी वा कर्मचारीलाई प्रतिनिधी नियुक्त गरी साधारण सभामा भाग लिन सक्नु हुनेछ र प्रतिनिधी नियुक्त गरेको पत्रमा सो नियुक्त हुने पदाधिकारी तथा कर्मचारीको पद समेत स्पष्टरूपमा उल्लेख गरेको हुनु पर्नेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

११. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि., नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले

**कम्पनी सचिव**

# प्रवन्धपत्रको दफा ५(ख) मा संशोधनको तीन महले विशेष प्रस्ताव

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| **५. कम्पनीको शेयर पूजी**:<br>(ख) कम्पनीको जारी पूँजी रू. २,४४,०५,५५,४०० (दुई अरव चौवालिस करोड पाँच लाख पचपन्न हजार चार सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,४४,०५,५५४ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | **५. कम्पनीको शेयर पूजी**:<br>(ख) कम्पनीको जारी पूँजी रू. २,६८,४६,११,००० (दुई अरव अठ्साठी करोड छयालिस लाख एघार हजार रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,६८,४६,११० कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको । |

# प्रोक्सी-फारम

श्री संचालक समिति
**बुटवल पावर कम्पनी लि.**
वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.....जिल्ला.....म.न.पा/न.पा./गा.वि.स. वडा नं. .....,
..... वस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७६ पौष २४ गते बिहीबारका दिन हुने २७ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.....जिल्ला .....म.न.पा/न.पा./ गा.वि.स./ वडा नं.....,.....वस्ने श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः .....
दस्तखतः .....
ठेगानाः .....पो.व.नं.....
फोन नं.....

शेयरधनी नं./BOID No : .....
शेयर प्र.प.नं.: .....
डिम्याट नं:.....
शेयर संख्याः .....
मितिः .....

# प्रोक्सी-फारम

श्री संचालक समिति
**बुटवल पावर कम्पनी लि.**
वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.....जिल्ला.....म.न.पा/न.पा./गा.वि.स. वडा नं. .....,
..... वस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७६ पौष २४ गते बिहीबारका दिन हुने २७ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.....जिल्ला .....म.न.पा/न.पा./ गा.वि.स./ वडा नं.....,.....वस्ने श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः .....
दस्तखतः .....
ठेगानाः .....पो.व.नं.....
फोन नं.....

शेयरधनी नं./BOID No : .....
शेयर प्र.प.नं.: .....
डिम्याट नं:.....
शेयर संख्याः .....
मितिः .....

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

कम्पनीको २७औं बार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन, २०७६ प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ ।

कम्पनीले आ.व. २०७५।०७६ मा गत वर्षको तुलनामा ८.३% ले खुद मुनाफा बढाउन सफल भएको छ । मूलतः लगानीवाट प्राप्त आय बढेका कारण सो बृद्धि हासिल भएको हो । कम्पनीले आफ्ना केही व्यवसायमा कठिनाईको सामना गर्नु परेको भएपनि समग्र व्यवसायको कार्यसंपादनका परिणामहरू सन्तोषजनक छन् । कम्पनीको संचालनमा रहेका विद्युत गृहहरू तथा वितरण व्यवसाय तर्फ यस वर्ष पनि सन्तोषजनक कार्यसंपादन रह्यो । विद्युत उत्पादन कार्यमा संलग्न सहायक तथा सम्वद्ध कम्पनीहरूले राम्रो कार्यसंपादन गरेका छन् । तर, ४ मेगावाटको खुदी विद्युत गृहलाई यसै वर्ष बाढीले असर गऱ्यो । खिम्ती प्रथम जलविद्युत आयोजनामा रहेको स्वामित्व सम्बन्धी हितको ५०% हिस्सा नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गर्नु पर्ने भएको हुँदा सन् २०२० पश्चात् केही वर्षहरूका लागि लगानीवाट प्राप्त हुने आम्दानी प्रभावित हुनेछ ।

निर्माणको क्रममा रहेका दुई आयोजनाहरूको प्रगति मिश्रित छ । न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य निर्धारित निर्माण कार्य तालिका अनुसारनै अन्तिम चरणमा पुगेको छ । तथापि, प्रशारण लाईन मात्र यस आयोजनाको मुख्य चासोको रूपमा रहेको छ । कावेली ए जलविद्युत आयोजनाको आयोजना कम्पनीले सिभिल तथा हाइड्रोमेकानिकल कार्यको ठेक्का सम्झौता अन्त्य गरेसंगै यसको निर्माण कार्यहरू रोकिएको छ । तर, आयोजना कम्पनीले यस आयोजनालाई पूनः लयमा ल्याउनका लागि कार्य गरिरहेको छ ।

विकासको चरणमा रहेका आयोजनाहरू आशातित् रूपमा प्रगति उन्मुख छन् । मर्स्याङदी नदीमा रहेका मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना गरी तीन आयोजनाहरूको विकासका लागि अत्यन्त महत्व दिइएको छ । ती आयोजनाहरू चिनिया सरकार तथा निजी क्षेत्रका तीन विश्वसनीय कम्पनीहरूसंगको संयूक्त लगानीमा क्यासकेड आयोजनाहरूको रूपमा यस कम्पनीको २०% शेयर स्वामित्व रहने गरी निर्माण गर्न लागिएको छ । ७.९ मेगावाट क्षमताको चिनो खोला जलविद्युत आयोजनाको अध्ययनका कार्यहरू सम्पन्न भएका छन् । यस आयोजनाले मर्स्याङदी क्यासकेड आयोजनाहरूको निर्माण चरणमा आवश्यक विद्युत आपूर्ति गर्ने अपेक्षा गरिएको छ । इन्जिनियरिङ सेवा तर्फको कार्यसम्पादन धेरै राम्रो छ ।

कम्पनीको मानव संशाधनको आधारलाई प्रभावकारी बनाउनका लागि सहमतीय अवकाश योजना सफलतापूर्वक कार्यान्वयन गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले यस कम्पनीलाई बेष्ट प्रिजेन्टेड एनुयल रिपोर्ट अवार्ड, २०१८ प्रदान गरेको छ ।

## कार्य सम्पादन समिक्षा

### वित्त

कम्पनीले आ.व. २०७५।०७६ मा नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरेर तथा उपभोक्ताहरूलाई विद्युत तथा विद्युत सेवाहरू बिक्री गरेर प्राप्त आयमा उत्पादन तथा वितरण खर्चहरू कटाएर कुल संचालन मुनाफा रू. २७ करोड ९७ लाख २० हजार आर्जन गरेको छ र यो मुनाफा गत वर्षको कुल संचालन

मुनाफाको तुलनामा ४.२९% ले कमी हो । तथापि अन्य वित्तिय आम्दानी तथा लाभांश आम्दानीलाई समावेश गरी तथा प्रशासनिक खर्चहरू कट्टा गरे पश्चात् कर अघिको मुनाफा रू. ८४ करोड ४९ लाख ४० हजार भएको छ । जुन गत वर्षको तुलनामा १२.६३% को बृद्धि हो । सो बृद्धि मूलतः वित्तिय आम्दानी तथा लाभांश आम्दानी बढेको हुनाले भएको हो । कर पछिको खुद मुनाफा रू. ७६ करोड ३ लाख ३० हजार छ, जुन गत वर्षको खुद मुनाफा रकम रू. ७० करोड २२ लाख ६० हजार को तुलनामा ८.२७% को बृद्धि हो । कम्पनीको वित्तिय अवस्थाको मुख्य मुख्य बुँदाहरूलाई निम्न अनुसार संक्षेपीकरण गरिएको छ ।

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. दश लाखमा)

| विवरण | आ.व. २०७५।०७६ | आ.व. २०७४।०७५ | % परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | ४८६.८३ | ४७७.१० | २.०४% |
| उपभोक्तालाई विद्युत बिक्री तथा सेवाहरू | १९६.२४ | १८९.२७ | ३.६८% |
| उत्पादन खर्च | २६६.३१ | २६३.२६ | १.१६% |
| वितरण खर्च | १३७.०४ | ११०.८५ | २३.६२% |
| कुल नाफा | २७९.७२ | २९२.२५ | -४.२९% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ६१३.७१ | ५५१.९६ | ११.१९% |
| प्रशासनिक तथा अन्य खर्च | १६४.२५ | १२६.१५ | ३०.२१% |
| व्याज तथा कर अघिको नाफा | ७३५.०३ | ७२३.०० | १.६६% |
| कर अघिको नाफा | ८४४.९४ | ७५०.२० | १२.६३% |
| खुद मुनाफा (कर पछि) | ७६०.३४ | ७०२.२६ | ८.२७% |
| अन्य कम्पनीमा लगानी | ४,५३०.३० | २,६६१.९३ | ७०.१९% |
| प्रतिशेयर आम्दानी रू. | ३१.१५ | ३२.५९ | |
| खुद सम्पत्ति (इक्विटी) | ६,९०१.२८ | ६,५१०.२० | ६.०१% |

यस आ.व.को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. दश लाखमा)

| विवरण | आ.व. २०७५।०७६ | आ.व. २०७४।०७५ | % परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,१७२.८८ | १,८०८.५७ | २०.१४% |
| बिक्री लागत | १,७७८.२७ | १,३१२.०० | ३५.५४% |
| कुल नाफा | ३९४.६१ | ४९६.५७ | -२०.५३% |
| व्याज तथा कर अघिको नाफा | ७६८.११ | ८२८.६४ | -७.३१% |
| कर अघिको नाफा | ८७४.५४ | ८२०.४४ | ६.५९% |
| कर पछिको नाफा | ७७६.२२ | ७४५.३६ | ४.१४% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ७६०.८५ | ७२३.१९ | ५.२१% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | १५.३७ | २२.१७ | -३०.६९% |
| प्रति शेयर आम्दानी | ३१.१८ | ३३.५६ | |
| खुद सम्पत्ति | ७,४११.३७ | ७,००९.७४ | ५.७३% |

मूलतः न्यादी जलविद्युत आयोजनाको कार्य प्रगति रकमलाई आय व्यय हिसावमा देखाउनु परेका कारण समूहगत आम्दानी २०.१४% ले र बिक्री लागत ३५.५४% ले बढेको हो । सहमतीय अवकाश योजनाको कार्यान्वयन र खुदी जलविद्युत केन्द्रमा विशेष मर्मत संभार गरिएको कारणले कुल नाफा २०.५३% ले घटेको छ । समुहगत खुद मुनाफा मूलतः वित्तिय आम्दानी बढ्न गएको कारण ४.१४% प्रतिशतले बृद्धि भएको छ । साथै, समूहगत प्रति शेयर आम्दानी रू. ३३.५६ रहेको छ, जुन गत वर्ष रू. ३१.१८ रहेको थियो ।

## व्यवसाय संचालन

### उत्पादन व्यवसाय

कम्पनीको स्वामित्व र संचालनमा १२ मेगावाटको झिमरूक विद्युत गृह र ९.४ मेगावाटको आँधिखोला विद्युत गृह रहेका छन् । दुबै विद्युत गृहहरूले सन्तोषजनकरूपमा संचालनमा रही गत वर्षको १३३.८२ गिगावाट आवर विद्युत उत्पादनको तुलनामा १३७.५६ गिगावाट आवर विद्युत उत्पादन गरेको छ । कुल उपलब्ध उर्जाको ७२.७३% उर्जा नेपाल विद्युत प्राधिकरणलाई तथा २७.१०% उर्जा कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो ।

आँधिखोला विद्युत गृहले ८२.६४% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६८.०५ गिगावाट आवर उत्पादन गऱ्यो । सो गत वर्षको उत्पादनको तुलनामा ४.४९% (२.९२ गिगावाट आवर) बढी उत्पादन हो । सो उत्पादन आँधीखोलामा पानीको बहाव बढेको र संचालन समूहले विद्युत अवरूद्ध हुने कार्य (आउटेज) नियन्त्रण गर्न सकेका कारणले बढेको हो । कुल उपलब्ध विद्युत मध्ये कालीगण्डकी जलविद्युत आयोजनालाई क्षतिपूर्ति वापत निशूल्क उपलब्ध गराइएको ३.१७ गिगावाट आवर समेत गरी ३६.८५ गिगावाट आवर (५४.१५%) नेपाल विद्युत प्राधिकरणलाई र ३०.३० गिगावाट आवर (४४.५३%) कम्पनीकै वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।

झिमरूक विद्युत गृहले ६६.१२% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६९.५१ गिगावाट आवर उत्पादन गऱ्यो । सो अघिल्लो वर्षको उत्पादनको तुलनामा १.१८% (०.८१ गिगावाट आवर) ले बढी हो । कुल उपलब्ध विद्युत मध्ये ६३.२० गिगावाट आवर (९०.९३%) नेपाल विद्युत प्राधिकरणलाई र ६.९७ गिगावाट आवर (१०.०३%) कम्पनीकै वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो । झिमरूक नदीको पानीमा वर्षायाममा अत्यधिक मात्रामा प्राप्त हुने क्वार्ज (Quartz) नै विद्युत उत्पादनमा कमी गराउने तथा टर्वाइनमा गम्भिर क्षय पुऱ्याउने मूख्य कारक रह्यो । टर्वाइनमा रहेका रनर, गाईड भेन, साईड कभर, सिलीङ रिङ, साफ्ट सिल तथा अन्य सबै हिस्साहरूको संपूर्ण मर्मत संभारको कार्य गरिएको थियो । मर्मत संभार तालिका वमोजिम निरोधात्मक मर्मत संभारको कार्य समेत गरिएको थियो । सिंचाई तथा विद्युत उत्पादनमा वृद्धिका लागि पानीको उपयोगलाई बढाउनका लागि विभिन्न प्रभाव न्यूनिकरण (मिटीगेशन) कार्यहरू गरिएको थियो । आयोजनाको क्षेत्र तथा कृषकका जग्गा जमिनको संरक्षणका लागि नदी व्यवस्थापन (रिभर ट्रेनिङ्ग) गरिएको थियो ।

## वितरण व्यवसाय

यस वर्ष उत्पादन व्यवसायवाट कुल ३७.२७५ गिगावाट आवर विद्युत खरिद गरिएको थियो, जुन गत वर्षको तुलनामा करीव १.७% ले बढी हो । खरिद बढ्नुको कारण उपभोक्ताहरूको संख्यामा बृद्धि भएर हो र अघिल्लो वर्ष कायम उपभोक्ताको संख्यामा ४.०२% ले बृद्धि भएको छ । यस वर्ष कम्पनीको वितरण संजालमा कुल २,१७३ उपभोक्ताहरू थपिए । आ.व. २०७५।०७६ को अन्त्यमा कुल उपभोक्ताहरूको संख्या ५६,१९४ पुगेको छ । यस वर्ष ३१.४८३ गिगावाट आवर विद्युत उपभोक्ताहरूलाई बिक्री गरिएको थियो र ०.०७१ गिगावाट आवर विद्युत कर्मचारी आवास तथा वितरण कार्यालयहरूमा खपत भएको थियो । कुल बिक्री गत वर्षको भन्दा केही बढी २.७६% ले बढेको छ, जुन मूलतः उपभोक्ताको संख्या थप भएका कारणले गर्दा भएको हो ।

## कम्पनीका सहायक तथा सम्वद्ध कम्पनीहरु:

### २०७६ सालको आषाढ मसान्त सम्म कम्पनीको लगानीको हिस्सा

यस कम्पनीले निम्न कम्पनीहरूमा शेयर लगानी गरेको छ, जसको मूल्य लागतका आधारमा तथा फेयर भ्यालुका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छः

| कम्पनीको नाम | शेयर संख्या | %लगानी | लगानी रू. (लागतमा) | लगानी रू. (फेयर भ्यालुमा) |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २९,७८,५०२ | १६.८८ | ४३,४९,३१,४६१ | १,१७,५०,४९,४८५ |
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ७,१५,८०० | ५१.३० | ७,१५,८०,००० | – |
| खुदी हाइड्रोपावर लिमिटेड | ५,०४,००० | ६०.०० | ५,०४,००,००० | – |
| खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर) | ५,७६,००० | – | ५,७६,००,००० | – |
| न्यादी हाइड्रोपावर लिमिटेड | १,०७,५१,४५३ | ९८.१८ | १,०७,५१,४५,३०० | – |
| कावेली इनर्जि लि. | २९,६६,८६० | २७.२४ | २९,६६,८६,००० | – |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,१७,७८५ | ८०.०० | १,१७,७८,५०० | – |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कं. प्रा.लि. | ८,८५,९६० | १००.०० | ५६,४१,७३,७९० | |
| बिपिसी सर्भिसेज लि. | १,००,००० | १००.०० | १,००,००,००० | – |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १०.७३ | १०,००,००० | १,७२,५४,९३९ |
| हिमताल हाइड्रोपावर कं. प्रा.लि. | ६,०१,३०० | १९.४० | ७७,७९,०२,८३० | |
| मर्स्याङदी ट्रान्समिशन कं. प्रा.लि. | ६,४०६ | १९.४० | १,०३,४६,२४५ | |
| गुराँश इनर्जि लि. | ३,३१९,८३६ | ४०.०० | ३३,१९,८३,६०० | – |
| कावेली इनर्जि लि.लाई दिएको परिवर्तन गर्न मिल्ने सापटी | – | – | १२,६०,०४४ | |
| एससीआईजीइन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट कम्पनी प्रा.लि. | – | – | ९,३५,२०,८७६ | |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **१,३५,३३,९०१** | | **३,७८,८३,०८,६४६** | **१,१९,१३,०४,४१४** |

सहायक तथा सम्वद्ध कम्पनीहरूको वित्तिय संपादनको मुख्य मुख्य बुँदाहरू निम्न वमोजिम रहेका छन्:

| कम्पनीको नाम | खुद मुनाफा (रू. दश लाखमा) | खुद मुनाफामा बृद्धि वा कमी | खुद सम्पत्ति (रू दश लाखमा) | प्रति शेयर आम्दानी रू. | प्रति शेयर कितावी मुल्य रू. |
|---|---|---|---|---|---|
| हिमाल पावर लि. | ३,४३२.७ | १४.२% | ६,९५९.७ | १९४.६ | ३९४.५ |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | विवरण प्राप्त नभएको । | | | | |
| खुदी हाइड्रोपावर लि. | २६.७५ | -३.४% | २०५ | ३१.८५ | २४४ |
| कावेली इनर्जि लि. | १६.०५ | ४००.७% | १,०८५.८ | | १००.१ |
| न्यादी हाइड्रोपावर लि. | -१५ | -१२१.३% | १,०५७.७ | | ९६.६ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | २५.६ | -३.८% | १२१.९ | १७४ | ८२७.७ |
| बिपिसि सर्भिसेज लि. | ०.९२ | -२१.७% | १५ | ९.२ | १४९.८ |
| हाइड्रो ल्याव प्रा.लि. | १३.६६ | ४३.५% | १०७ | १४६.६ | १,१४८.५ |
| गुराँस इनर्जि लि. | -६.२६ | -८.२% | ७९४ | ० | ९५.७ |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट कम्पनी प्रा.लि. | -३७.७ | -२४५.२% | १,५५१ | ० | ९९.२ |

कम्पनीले आ.वं २०७५।०७६ मा निम्न सहायक तथा सम्बद्ध कम्पनीहरूवाट कुल रू.५७,८९,५४,०२३ लाभांश प्राप्त गरेको थियो ।

| कम्पनीको नाम | लाभांश रकम रू. (आ.वा २०७५।०७६ को नाफावाट) |
|---|---|
| हिमाल पावर लि. | ५५,६५,८७,०३३ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ४७,११,९३० |
| खुदी हाइड्रोपावर लि. (अग्राधिकार शेयर) | १,६७,०५,०६० |
| बिपिसि सर्भिसेज लि. | ९,५०,००० |
| **कुल** | **५७,८९,५४,०२३** |

हिमाल पावर लिमिटेड, खुदी हाइड्रोपावर लिमिटेड, हाइड्रोकन्सल्ट इन्जिनियरिङ लिमिटेड, हाइड्रो ल्याव प्रा.लि.तथा बिपिसि सर्भिसेज लिमिटेडको वित्तिय सम्पादन राम्रो रह्यो । आ.व. २०७५।७६ मा सो कम्पनीहरूको प्रति शेयर आम्दानी क्रमशः रू.१९४.६, रू.३१.८५, रू.१७४ र रू.९.२ रहेको छ ।

## आयोजनाहरु

**न्यादी जलबिद्युत आयोजना (३० मे.वा.)** गण्डकी प्रदेश अर्न्तगत लमजुङ जिल्लाको मर्स्याङदी गाउँपालिकामा अवस्थित नदीको बहावमा आधारित आयोजना हो । यस आयोजनाले व्यापारिकरूपमा विद्युत उत्पादन शुरू गरे पश्चात् बार्षिकरूपमा १६८ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ । यस आयोजना सहायक कम्पनी न्यादी हाइड्रोपावर लि.को स्वामित्वमा रहेको छ । न्यादी हाइड्रोपावर लि.मा यस कम्पनीको हाल ९८.१८% शेयर स्वामित्व रहेको छ । सो शेयर स्वामित्व प्रारम्भिक सार्वजनिक निष्काशन पश्चात् ७१.६७% कायम हुनेछ । न्यादी जलविद्युत आयोजनाको मुख्य संरचनाहरूको निर्माण मार्च २३, २०१७ मा प्रारम्भ भएको थियो । नोभेम्वरको अन्त्य सम्मको समग्र निर्माण प्रगति करीव ७५% रहेको छ । न्यादी जलविद्युत आयोजनाको प्रगति निर्माण तालिका अनुरूप एवं बजेट भित्रै रहेको छ । ठेकेदारहरू तथा परामर्शदाताहरूको कार्यसंपादन सन्तोषजनक रहेको छ । न्यादी जलविद्युत आयोजनाले आयोजना स्थलका स्थानीय जनता, स्थानीय सरकार, बैंकहरू तथा अन्य सरोकारवालाहरूवाट पूर्ण सहयोग प्राप्त गरेको छ । तथापि नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नुपर्ने सबस्टेशन तथा प्रशारण सुविधाहरूको निर्माणमा भएको ढिलाईका कारण विद्युत खेर जान सक्ने जोखिमलाई सम्बोधन गर्नका लागि न्यादी हाइड्रोपावर लिमिटेडले न्यादी जलविद्युत आयोजनाको विद्युत प्रशारण गराउनका लागि माथिल्लो मर्स्याङदी विद्युत गृहको नजिक रहेको नेपाल विद्युत प्राधिकरणको प्रशारण लाईनसम्म थप तीन किलोमिटर लामो अतिरिक्त प्रशारण लाईन निर्माण गर्ने बैकल्पिक योजना करीव एक वर्ष अघि तयार गर्नु पर्‍यो । सो बैकल्पिक योजना कार्यान्वयनको क्रममा रहेको छ र व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति अप्रिल १८, २०२० भित्र न्यादी जलविद्युत आयोजनावाट विद्युत उत्पादन गर्ने लक्ष हासिलका लागि न्यादी हाइड्रोपावर लिमिटेडले आशातित् हुँदै कडा मेहनत गरिरहेको छ ।

**कावेली ए जलविद्युत आयोजना (३७.६ मे.वा.)**: प्रदेश नं १ को ताप्लेजुङ र पाँचथर जिल्लाहरूमा अवस्थित विद्युतको उच्च माग हुने समयलाई लक्षित नदीको बहावमा आधारित (पिआरओआर) आयोजना हो । यस आयोजनाले बार्षिकरूपमा २०५ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ । यस आयोजना कावेली इनर्जि लि.को स्वामित्वमा रहेको छ । कावेली इनर्लि लि.मा यस कम्पनीको प्रत्यक्ष २६% र अप्रत्यक्षरूपमा २७.३% शेयर स्वामित्व रहेको छ । यस आयोजनाको मुख्य संरचनाहरूको निर्माण मार्च २३, २०१७ मा प्रारम्भ भएको थियो । यस आयोजनावाट उत्पादित विद्युत विश्व बैंकको लगानीमा नेपाल विद्युत प्राधिकरणले निर्माण गर्दै गरेको १३२ के.भी. कावेली कोरिडोर प्रशारण लाईन मार्फत प्रशारण गरिनेछ । सो आयोजनाले मेची राजमार्गवाट आयोजना स्थलसम्म पुग्नका लागि

२४ कि.मी. लामो पहुँच मार्ग निर्माण गरेको छ । आयोजनाका लागि आवश्यक जग्गाहरू खरिद गरिएको छ र हेडवर्क्स तथा पावर हाउस क्षेत्रमा ठेकेदारको क्याम्प तथा सुविधाहरू निर्माण गरिएको छ । पहुँच सुरूङ खन्ने कार्य सम्पन्न भएको छ । कुल ४.५ कि.मी. लामो हेडरेस सुरूङ मध्ये हेडवर्क्स तर्फवाट १ कि.मी. सुरूङ खन्ने कार्य सम्पन्न भएको छ । सिभिल तथा हाइड्रोमेकानिकल कार्यको इपिसी ठेकेदारले निर्माणका मापदण्डहरू पालना गर्न तथा निर्माण तालिका अनुसारको प्रगति गर्न असक्षम रह्यो । पटक पटकको निर्देशनहरूका वावजुद निजले शर्तहरू पुरा गर्न सकेन । कावेली इनर्जि लिमिटेडले आफ्नो तथा ऋणदाताको इन्जिनियरको सिफारिसमा निज ठेकेदारसंगको ठेक्का सम्झौता अप्रिल २०१९ मा अन्त्य गरेको छ । केही समयका लागि आयोजना स्थलमा निर्माण कार्यहरू स्थगित गरिएको छ । कावेली इनर्जि लिमिटेडले अग्रिम भुक्तानी जमानत वापतको रकम दावी गरी प्राप्त गरेको छ । तर, कार्य संपादन जमानत वापतको रकमको दावीलाई निज ठेकेदारले सिङ्गापुरको अदालतमा चुनौति दिएको छ र दावी गरिएको रकम ७६ लाख अमेरिकी डलर निज ठेकेदारले सिङ्गापुरको अदालतको आदेश अनुसार सो अदालतमा जम्मा गरेको छ । कावेली इनर्जि लिमिटेडले सिभिल तथा हाइड्रोमेकानिकल कार्यको ठेकेदार नियुक्तिका लागि बोलपत्र सम्बन्धी कागजातहरू तयार गरेको छ । साथै, कावेली इनर्जि लिमिटेडले विश्व बैंकको कर्जाको अवधी थप गर्नका लागि प्रक्रिया प्रारम्भ गरेको छ, जुन विगत आठ महिना देखी नेपाल सरकारमा विचाराधिन रहेको छ ।

**तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१४० मे.वा.)** गण्डकी प्रदेशको मनाङ जिल्ला अर्न्तगत नासोङ गाउँपालिकामा रहेको छ । यस आयोजनाको अध्ययन कार्यहरू सम्पन्न भए पश्चात् मिति २०७५।७।१८ मा विद्युत विकास विभागवाट उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । यस आयोजनाको १०४ मे.वा.का लागि नेपाल विद्युत प्राधिकरणसंग २०७५ सालमा कनेक्सन एग्रिमेन्ट भएको थियो । यस आयोजनालाई मर्स्याङदी वेसिन अर्न्तगतको एक क्यासकेड आयोजनाकोरूपमा विकास गर्नका लागि मनाङ मर्स्याङदी जलविद्युत आयोजनावाट निस्कने पानी सिधै उपयोग गर्ने गरी उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा आधारित (पिआरओआर) आयोजनाको रूपमा यसको १३९.२ मे.वा. क्षमता कायम गरिएको छ । सो क्षमता अनुसार गर्नका लागि यस आयोजनाको कनेक्सन एग्रिमेन्ट संशोधन गर्नु पर्ने हुन्छ । साथै, पूरक वातावरणीय अध्ययन समेत गर्नु पर्ने हुँदा सो कार्य गर्नका लागि अनुमति लिने प्रक्रियामा रहेको छ । सो आयोजनावाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको नसोङ गाउँपालिकाको घलान्चोक गाउँमा रहने २२० के.भी.को मनाङ हवमा जोडिने निर्माणाधिन २२० के.भी. मर्स्याङदी कोरीडोर प्रशारण लाईन मार्फत प्रशारण गरिनेछ । नदीको डिस्चार्ज मेजरमेन्ट, गेज रिडिङ, सेडिमेन्टको नमूना संकलन तथा विश्लेषण नियमित रूपमा काम गरिदै आएको छ । सो आयोजना संयुक्त लगानीमा विकास गर्नका लागि फेब्रुअरी ६, २०१८ मा यस कम्पनी र चिनिया साझेदारहरू बीच शेयर सहभागिता सम्बन्धी संयुक्त लगानी सम्झौता सम्पन्न भईसकेको छ । सो प्रयोजनका लागि आयोजना विशेष कम्पनी दर्ताको कार्य प्रक्रियामा रहेको छ ।

**मनाङ मर्स्याङदी जलविद्युत आयोजना (२८२ मे.वा.)** यो आयोजना गण्डकी प्रदेशको मनाङ जिल्लामा पर्दछ । यस आयोजना मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.ले विकास गर्न गईरहेको छ । यस कम्पनीले सो आयोजनालाई चिनिया साझेदारहरूसंग मिलेर विकास गर्ने ध्येयले उक्त कम्पनीका शत्प्रतिशत स्वामित्व खरिद गरेको छ । सोही अनुसार चिनिया साझेदारहरूसंग शेयर खरिद बिक्री सम्झौता तथा शेयरधनी सम्झौता हस्ताक्षर गरिएको छ । सो आयोजनाको कनेक्सन एग्रिमेन्ट १४४ मे.वा. का लागि गरिएकोमा नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्री सम्बन्धी शर्तहरू अनुसार हुने गरी विद्युत विकास विभागको सहमतिमा उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा आधारित (पिआरओआर) आयोजनाकोरूपमा रहने गरी सो आयोजनाको जडित क्षमता १३५ मे.वा. कायम गरिएको छ । सो आयोजनालाई उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा

आधारित (पिआरओआर) आयोजना बनाउनका लागि उत्पादन अनुमतिपत्रमा संशोधनका लागि विद्युत विकास विभागमा दरखास्त पेश गरिएको छ । यस आयोजनाको आवास गृह तथा पहुँच मार्ग निर्माणको कार्य भईरहेको छ । यस आयोजनाको पूरक वातावरणीय प्रभाव मुल्यांकन गर्नका लागि स्वीकृति लिने कार्य प्रक्रियामा रहेको छ ।

**माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (६०० मे.वा.)** गण्डकी प्रदेशको मनाङ र लमजुङ जिल्लामा अवस्थित उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा आधारित (पिआरओआर) आयोजना हो । यस आयोजना हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.ले विकास गर्न गइरहेको छ । यस कम्पनीले चिनिया साझेदारहरूसंग मिलेर माथिल्लो तटीय मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनासंग संगै विकास गर्ने गरी यस आयोजना खरिद गरेको हो । हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.मा यस कम्पनीको २०% शेयर स्वामित्व रहेको छ । सो आयोजनाको आयोजना विकास सम्झौताका विषयमा लगानी बोर्डमा वार्ता भईरहेको छ । लगानी बोर्डवाट खटिएको समूहले जुन २०१९ मा मर्स्याङदी वेसिन आयोजनाहरूको आयोजना स्थल पुगेर विभिन्न सरोकारवालाहरूसंग विभिन्न स्थानमा छलफल गऱ्यो । शुरूमा यस आयोजनालाई उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा आधारित (पिआरओआर) आयोजनाकोरूपमा अन्तरदेशीय वजारमा बिक्री गर्ने ध्येयले ६०० मे.वा. क्षमता कायम गरी बिस्तृत आयोजना प्रतिवेदन तयार गरिएको थियो । यस आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन समेत ६०० मे.वा.का लागि भएको थियो । तर, नेपालको वजार एवं नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्रीका शर्तहरूलाई बिचार गरी यस आयोजनाको हेडवर्क्स र विद्युतगृह रहने स्थानलाई परिवर्तन नहुने गरी सुधार गरेर ३२७ मे.वा. क्षमता निर्धारण गरिएको थियो । यस आयोजनावाट उत्पादित विद्युत आन्तरिक उर्जा वजारमा बिक्री गरिनेछ ।

**चिनोखोला जलविद्युत आयोजना (७.९ मे.वा.)** मनाङ जिल्लामा अवस्थित नदीको बहावमा आधारित आयोजना हो । यसवाट उत्पादन हुने विद्युत तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनालाई निर्माणको क्रममा उपयोग गर्ने र सो पश्चात् नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ध्येयले कम्पनीले यस आयोजनाको विकास गरेको हो । यस आयोजनाको संभाब्यता अध्ययनको कार्य सम्पन्न भएको छ र बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृतिको प्रक्रियाका लागि विद्युत विकास विभागमा पेश गरिएको छ । यस आयोजनावाट उत्पादन हुने विद्युत मर्स्याङदी क्यासकेड आयोजनाहरूको निर्माणमा उपयोग गर्न सकियोस् भनेर यसको निर्माण कार्य यथाशक्य सिघ्र शुरू गर्न गईरहेको छ । नदीको डिस्चार्ज मेजरमेन्ट, गेज रिडिङ, सेडिमेन्टको नमूना संकलन तथा विश्लेषण नियमित कामरूपमा गरिदै आएको छ । आयोजना कम्पनी स्थापना गर्ने तथा विद्युत खरिद बिक्री सम्झौता गर्ने प्रक्रिया प्रारम्भ भएको छ ।

**मुगु कर्णाली जलविद्युत आयोजना (१६० मे.वा.)**: मुगु जिल्लामा अवस्थित अध्ययनको क्रममा रहेको अयोजना हो । यस कम्पनीले सो आयोजनाको सर्वेक्षण अनुमतिपत्र सन् २०१८ मा दुई वर्षका लागि प्राप्त गरेको थियो । संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको कार्य गर्नका लागि हाइड्रोकन्सल्ट इन्जिनियरिङ लिमिटेडलाई मिति २०७४।११।११ मा संलग्न गराइएको थियो । यसको पूर्वसंभाव्यता अध्ययन गरिएको छ र संभाव्यता अध्ययनको प्रक्रिया शुरू गरिएको छ । पूर्वसंभाव्यता अध्ययनले यस आयोजनाको विकास नदीको बहावमा आधारित आयोजनाकोरूपमा वा उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा आधारित (पिआरओआर) आयोजनाको रूपमा विकास गर्नका लागि विभिन्न विकल्पहरू सुझाएको छ । यस आयोजनाको अनुमतिपत्र प्राप्त तल्लो तटीय केही हिस्सा नेपाल सरकारको विद्युत उत्पादन कम्पनी लिमिटेडले लिएको मुगु कर्णाली रिजर्भवेयर आयोजनाको क्षेत्रसंग दोहोरो परेको छ । आयोजना स्थल तर्फको सडक निर्माणको क्रममा रहेको छ । यस आयोजनाको मूख्य चुनौति भनेको प्रशारण लाईन रहेको छ । यस आयोजनालाई दोहोरो परेको क्षेत्र तथा प्रशारण लाईनका विषयमा स्पष्ट

भएपछि भविश्यमा निर्माण गर्ने गरी पाईपलाईन आयोजनाकोरूपमा राखिने छ ।

## संस्थागत सुशासन

यस कम्पनी असल संस्थागत सुशासनका लागि प्रतिवद्ध छ । आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न कम्पनी प्रयत्नरत् छ । यस कम्पनीले प्रत्येक वर्ष संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी तवरवाट संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछ । संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायको नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गैरूपमा प्रकाशित गरिएको छ ।

## संचालक समिति

आ.व. २०७५।०७६ मा संचालक समितिमा केही हेरफेर भएको छ । जनवरी ११, २०१९ मा सम्पन्न कम्पनीको २६औं बार्षिक साधारण सभाले संचालक समितिमा डा. संदीप शाह र श्री दिनेश हुमागाँईलाई सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने संचालककोरूपमा र श्री तिर्थमान शाक्यलाई स्वतन्त्र संचालकमा नियुक्त गऱ्यो ।

## संचालक समिति अर्न्तगतका समितिहरु

संचालक समितिले कम्पनी ऐन, २०६३ एवं सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ समेतलाई बिचार गरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व समिति एवं वित्त समिति गठन गरेको छ । संचालक समितिले नेपाल हाइड्रो एण्ड इलेक्ट्रिकको विषयमा एक तदर्थ प्रकृतिको समिति समेत गठन गरेको छ । सबै समितिहरूले आ.व. २०७५।०७६ मा सन्तोषजनकरूपमा कार्यसंपादन गरे ।

लेखापरीक्षण समितिले कम्पनीको आन्तरिक नियन्त्रण तथा वित्तिय सुशासनको लागि महत्वपूर्ण योगदान गरेको छ । जोखिम व्यवस्थापन समितिले कम्पनीको जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउनका लागि गहिरो अध्ययनको कार्य शुरू गरेको छ । सम्पत्ति तथा दायित्व समितिले आ.व. २०७५।०७६ को बजेट कार्यान्वयनको अनुगमन गर्ने, आ.व. २०७६।०७७ को बजेटको अध्ययन एवं जाँच गर्ने तथा कम्पनीको सम्पत्ति रूजु प्रतिवेदन समेत मुल्यांकन गर्ने कार्य गऱ्यो । वित्त समितिले सम्पत्ति तथा मानव संशाधनको बीमाको साथै मूलभूतरूमा कम्पनीको लगानीको लगानीको विषयमा कार्य प्रारम्भ गरेको छ । नेपाल हाइड्रो तथा इलेक्ट्रिक विषयको समितिले सो नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेडको व्यवस्थापनका विषयमा रहेका फरक मत तथा विवादहरू समाधान गर्नका लागि व्यवस्थापनलाई मार्ग निर्देश गर्ने कार्य गऱ्यो ।

कम्पनीको शेयर संरचना, संचालक समितिको बनौट, संचालक समिति अर्न्तगतका समितिहरू तथा त्यसका सदस्यहरूका विषयमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचनाका सम्बन्धमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ । आ.व. २०७५।०७६ को अन्त्यमा शेयरधनीहरूको संख्या ७४,२१७ रहेको थियो ।

## व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनको नेतृत्व प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले गर्नु

भएको छ । निजसंग नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनमा काम गरेको लामो व्यवस्थापकीय अनुभव रहेको छ र विगत ५ वर्ष भन्दा बढी समय देखी सफलतापूर्वक यस कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ ।

## मानव संशाधन

आर्थिक वर्ष २०७५।०७६ को अन्त सम्ममा २३ जना महिला कर्मचारीहरू सहित कुल कर्मचारीहरूको संख्या जम्मा २२१ थियो ।

श्रम ऐन, २०७४ ले निर्धारण गरेको नयाँ व्यवस्थाहरू समावेश गर्नका लागि कर्मचारी नियमावलीमा संशोधन गरिएको छ । सो ऐन अनुरूप श्रम सम्बन्ध समिति गठन गरिएको छ । यस कम्पनीले मानव संशाधनको आधारलाई सुदृढ बनाउनका लागि सहमतीय अवकाश योजना ल्यायो । सो योजना अर्न्तगत ३२ जना कर्मचारीहरूले स्वेच्छिक अवकास लिनुभयो । परिपालना अधिकृतवाट श्रम लेखापरीक्षण गरी सो को प्रतिवेदन श्रम कार्यालयमा पेश गरिएको छ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

यस कम्पनी आई.एस.ओ. ९००१:२०१५ (गुणस्तर व्यवस्थापन प्रणाली) तथा आई.एस.ओ. १४००१:२०१५ (वातावरण व्यवस्थापन प्रणाली) वाट सेप्टेम्वर १७, २०१८ मा एवं आई.एस.ओ. १८००१:२००७ (पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली) बाट मे २३, २०१७ मा कम्पनी पूनः प्रमाणित भएको छ । पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणालीले पेसागत स्वास्थ्य तथा सुरक्षाका विषयमा कम्पनी भित्र चेतना अभिबृद्धि गर्न तथा व्यवस्थापन गर्न मद्दत पुऱ्याएको छ । ती प्रणालीहरूलाई कम्पनीको समग्र व्यवसाय संचालन, प्रणाली तथा कार्यविधिहरूमा एकिकृत गरी कार्यान्वयन गरिएको छ । सबै कर्मचारीको औषधोपचार तथा दुर्घटना वीमा गराइएको छ । व्यवस्थापन प्रणालीहरूको निरन्तर सुधारका लागि सो को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । सुरक्षितरूपमा काम गर्ने वातावरण सुनिश्चित् गरिएको छ र सुरक्षा उपकरणहरू दुरूस्त राखिएको छ ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा परोपकारी गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट उनीहरू संगको सम्बन्धलाई अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद् तथा नेपाल टनेलिङ एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।

यस कम्पनीले अन्तराष्ट्रिय वित्त संस्था, विश्व बैक, सिङ्गापुर स्थित इन्फ्राको एसिया जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग जलविद्युत आयोजनाहरू विकासका लागि विभिन्न तहमा साझेदारी गरेको छ । यस कम्पनीले तीन चिनिया ख्यातीप्राप्त कम्पनीहरूः Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. र Qing Yuan Engineering Consulting Co. Ltd. संग साझेदारी निर्माण गरेको छ । चीनको जलविद्युत क्षेत्रको विकासमा तथा शहरी पूर्वाधार विकासमा यी कम्पनीहरूले आफ्नो सफलता दर्ज गराएका छन् ।

## संस्थागत जोखिम व्यवस्थापन

कम्पनी भित्र जोखिमको पहिचान, मुल्यांकन, योजना निर्माण तथा निरूपणका माध्यमवाट संस्थागत जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ । यस कम्पनीले नियमितरूपमा जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिमकोरूपमा मापन तालिकाका माध्यमवाट जोखिमको विश्लेषण गर्दै जोखिम व्यवस्थापनका उपयुक्त रणनीति अवलम्वन गर्दछ ।

| आ.व.को अन्त्यमा | कुलकर्मचारीहरू | स्थायी | समयगत | कार्यगत | आंशिक |
|---|---|---|---|---|---|
| २०७५।०७६ | २२१ | १७३ | २९ | १३ | ६ |
| २०७४।०७५ | २३९ | २०३ | २१ | ११ | ४ |

जोखिमलाई सापेक्षितरूपमा न्यून स्तरमा राख्न लागि जोखिमको प्रकार तथा कम्पनीको जोखिम बहन गर्न सक्ने क्षमताका आधारमा जोखिमहरू आउन नदिने, हस्तान्तरण गर्ने, न्यूनिकरण गर्ने तथा स्वीकार गर्ने गरिन्छ । संचालक समितिले गठन गरेको जोखिम व्यवस्थापन समितिले कम्पनीका विभिन्न व्यवसायिक इकाईहरूले गरेका काम कारवाहीहरूमा निहित जोखिमको अनुगमन गर्दै आएको छ । कम्पनीको सम्पत्ति तथा मानव संशाधनको सुरक्षाका लागि भरपर्दो बीमा कम्पनीमा बीमा गरिएको छ ।

## आन्तरिक नियन्त्रण

व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनको निमित्त आवधिकरूपमा आई.एस.ओ. अर्न्तगत आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गदै आएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू व्यवस्थापनले कार्यान्वयन गरेको छ । श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७५।०७६ मा कम्पनीको आन्तरिक लेखापरीक्षणको कार्य गरेको थियो ।

## वाह्य लेखापरीक्षण

श्री सी एस सी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्ले यस कम्पनीको आ.व. २०७५।०७६ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ ।

## शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूवाट प्राप्त सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ । त्रैमासिक प्रतिवेदन, संक्षिप्त आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू प्रकाशित गरी संचारका सबै माध्यमहरूको प्रयोग गरिएको छ र ति प्रकाशनहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले आफ्नो निरन्तर सुधारका लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरूको स्वागत गर्दछ ।

## शेयर रजिष्ट्रार तथा शेयर कारोवार:

कम्पनीको शेयर रजिष्ट्रारमा एन.एम.बी. क्यापिटल लि. रहेको छ । यस वर्ष कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन । कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरूको सारसंक्षेप निम्न अनुसार रहेको छः

## सम्बद्ध पक्षसंगको कारोवारहरु

यस कम्पनीले सहायक कम्पनीहरूसंग उत्तम औधोगिक प्रचलनहरू अनुसार व्यवसायिक हिसावले कारोवारहरू गर्दछ । कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७५।०७६ को वित्तिय विवरणहरूको नोटमा खुलाइएको छ ।

## पुरस्कार तथा प्रशंसापत्र

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले वार्षिक प्रतिवेदनको उत्कृष्ट प्रस्तुतीकरणका लागि जुलाई २३, २०१९ मा कम्पनीलाई उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड, २०१८ प्रदान गरेको छ । कम्पनीले सो अवार्ड विगत एक दशक देखी प्राप्त गर्दै आएको छ ।

## व्यवसाय तथा लगानीको वातावरण:

नेपालमा व्यवसाय तथा लगानीको वातावरणमा सुधार आएको छ । लगानी प्रवर्द्धनका लागि

| वर्ष | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर | कारोवार रकम |
|---|---|---|---|---|---|---|---|
| यस वर्ष | ४९६ | ३३२ | ४०९ | २४६ | १५,८५२ | १९,०२,१८७ | ७९.३ करोड |
| अघिल्लो वर्ष | ७८३ | ४२० | ४५७ | २३१ | १५,०५९ | २६,५९,६९२ | १५९.९ करोड |

नीतिगत सुधारका पहलहरू लिइएको छ । नयाँ सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, विदेशी लगानी प्रविधी हस्तान्तरण ऐन, वातावरण संरक्षण ऐन, बन ऐन, विद्युत नियमन आयोग ऐन, विद्युत नियमन आयोग नियमावली, औधोगिक व्यवसाय ऐन, हेजिङ नियमावली, उपभोक्ता महशुल निर्धारण निर्देशिका, जलविद्युत कम्पनीहरूको प्रारम्भिक सार्वजनिक निष्काशन निर्देशिका आउनु विगत केही वर्षको नीतिगत सुधारका पहलहरू हुन् । तथापि राजनैतिक इच्छा शक्ति र प्रशासनतन्त्रको सेवा प्रवाह बीच कमजोर तादम्यताका कारण कार्यान्वयन पक्ष अपेक्षित स्तरको हुन सकेको छैन ।

नेपालको वित्तिय वजारको उतार चढावका कारण देशको जलविद्युत क्षेत्रले कठिनाईको सामना गर्नु परिरहेको छ । जसले साना जलविद्युत आयोजना कम्पनीहरूको कर्जा चुक्ता गर्ने क्षमतामा प्रभावित गरेको छ । नेपाल सरकारको घोषणा अनुसार तोकिएको विद्युत खरिद बिक्री दर प्राप्त गर्न योग्य केही जलविद्युत आयोजनाहरूले सो सुविधा प्राप्त गर्न पाइरहेका छैनन् । साथै, नेपाल सरकारले घोषणा गरेको नगद फिर्ता सुविधा समेत नेपाल सरकारले उपलब्ध गराएको छैन । हेजिङ नियमावली बनाइएको भएपनि विदेशी लगानीकर्तालाई विश्वास दिलाउनका लागि त्यसको लागत, समय र रकमका विषयमा अनिश्चितता रहेको छ । कमजोर प्रशारण सुविधाले कारण उल्लेख्य रूपमा प्रशारण नोक्सानी हुने तथा छिन छिनमा विद्युत आपूर्ति बन्द (ट्रिपिङ) हुने भई केही जलविद्युत आयोजनाहरूलाई नराम्रोसंग प्रभावित गरेको छ । नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने केही प्रशारण लाईन तथा सवस्टेशन निजी क्षेत्रले निर्माण गरिरहेका जलविद्युत आयोजनाको निर्माण प्रगतिको हिसावले निर्धारित समय तालिका अनुसार छैनन् । सरकारले गरेका प्रतिज्ञा समयमै पुरा गरेमा त्यसले जलविद्युत क्षेत्रको विकासलाई प्रवर्द्धन गर्नेछ । विद्युत नियमन आयोगको स्थापना संगै स्वतन्त्र विद्युत उत्पादकहरूले निर्माण लागत तथा नाफाका आधारमा विद्युत खरिद बिक्री दर तथा उपभोक्ता महशुलको समायोजन गर्न तथा नियमन प्रक्रियामा सहजीकरण गर्न चाहिरहेका छन् ।

जम्मा ३२ जलविद्युत कम्पनीहरू पूँजी वजारमा सूचिकृत भएका छन् । प्राय सबै सूचिकृत कम्पनीहरूले साना जलविद्युत आयोजनाहरू संचालन गरेका छन् । प्राय सबै आयोजना कम्पनीहरू छन् । पूँजी वजारमा जलविद्युत कम्पनीहरूको कार्यसंपादन कमजोर देखिएको छ । देशको पूँजी वजार घट्दो क्रममा रहेको छ । जलविद्युत विकास कम्पनी तथा आयोजना कम्पनीलाई फरक छुट्याउने संयन्त्र छैन । त्यसले लगानीकर्ताहरूलाई अस्पष्टता सिर्जना गरेको छ ।

क्षेत्रियरूपमा उर्जा वजार विस्तारको संभावनालाई हेर्दा, ४०० के.भी.को ढल्केवर मुजफ्फरपुर अन्तरदेशीय प्रशारण लाईनको निर्माण सम्पन्न भएवाट यसले नेपाल तथा भारत बीच ठूलो मात्रामा विद्युत आयत तथा निर्यात गर्न सकिने संभावनालाई साकार गर्न मद्दत पुऱ्याएको छ । त्यसका अतिरिक्त ९०० मे.वा. को माथिल्लो कर्णाली जलविद्युत आयोजनाको बिद्युत खरिद बिक्री सम्झौतालाई हालै अन्तिम रूप दिइनु क्षेत्रिय वजारमा विद्युत निर्यात गर्ने तर्फ एक स्वगतयोग्य कदम हो । विद्युत आदान प्रदानका माध्यमवाट विद्युतको व्यापारका लागि भारतीय विद्युत व्यापार कम्पनीसंग अन्तरदेशीय विद्युत व्यापार सम्झौता सम्पन्न भएको छ ।

विद्युत खरिद बिक्री सम्झौता निजी क्षेत्रका लागि एक महत्वपूर्ण पक्ष रहँदै आएको छ । लक्षित १५००० मे.वा. मध्ये नदीको बहावमा आधारित आयोजनाहरू, उच्च माग भएको समयलाई लक्षित नदीको बहावमा आधारित आयोजनाहरू तथा स्टोरेज आयोजनाहरूका लागि गरिने बिद्युत खरिद बिक्री सम्झौताको सीमा (रेन्ज) निर्धारण गर्ने नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको हालको नीतिले सो नीति आउनु अघिनै अध्ययन भईसकेका नदीको बहावमा आधारित आयोजनाहरूलाई कठिनाई उत्पन्न गरेको छ । बैंकवाट कर्जा सुविधा प्राप्त गर्न मिल्ने प्रकारको विद्युत खरिद बिक्री सम्झौता निजी क्षेत्रको सरोकारको विषय रहेको छ ।

नेपालको विद्युतीय वजारमा निजी क्षेत्रले मूलतः आपूर्ति तर्फ योगदान पुऱ्याउँदै आएको छ ।

आन्तरिक विद्युत वजार विकासको चरणमा रहेको छ । देश भित्र विद्युतीय यातायत, औधोगिक क्षेत्रको विद्युतीकरण तथा ग्राहस्थ्य क्षेत्रको विद्युतीकरण एवं ग्राहस्थ्य तहमा विद्युत उपभोगको विविधिकरणको ठूलो संभावना रहेको छ । नेपाल विद्युत प्राधिकरणले केही अपवाद बाहेक देशका प्राय सबै स्थानहरूमा विद्युत वितरणमा एकाधिकार कायम गरेको छ । विद्युतको माग तर्फको व्यवस्थापन तथा व्यापारमा निजी क्षेत्रको प्रवेशले उर्जा वजारको बृद्धिका लागि मद्यत गर्नेछ । त्यसका लागि नेपाल सरकारको इच्छ र सहयोग सहायक सिद्ध हुनेछ ।

नेपालको विद्युत प्रणालीमा आ.व. २०७५।७६ मा ११२ मे.वा. थप भएको छ र कुल जडित क्षमता ११८२ मे.वा. पुगेको छ । आगामी दुई तीन वर्षमा नेपालमा संचालनमा रहेका जलविद्युत आयोजनाहरूको कुल जडित क्षमता २५०० मे.वा. पुग्ने अपेक्षा गरिएको छ ।

## लाभांश

कम्पनीले स्थिर लाभांश नीति अख्तियार गरेको छ । लाभांश नीति तथा जलविद्युत आयोजनाहरू विकास गर्ने कम्पनीको भविश्यका योजनाहरू समेतलाई बिचार गरी संचालक समितिले आफ्ना शेयरधनीहरूलाई आ.व. २०७५।०७६ को खुद मुनाफावाट चुक्ता पूँजीको १८ (अठार) प्रतिशत नगद लाभांश तथा १० (दश) प्रतिशत बोनस शेयर वितरण गर्नका लागि २७ औं बार्षिक साधारण सभामा प्रस्ताव गरेको छ ।

## हालको अवस्थाः

चालु आर्थिक वर्ष २०७६।०७७ मा कम्पनीले गरेको केही मुख्य मुख्य कार्यहरू निम्न अनुसार रहेका छन्ः

- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्भौताको मस्यौदामा हस्ताक्षर गरिएको छ ।
- चिनिया साझेदारहरूलाई मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.मा ल्याउनका लागि शेयर खरिद बिक्री सम्भौता तथा शेयरधनी सम्भौताहरू सम्पन्न भएको छ ।
- माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको आयोजना विकास सम्भौताको प्रक्रिया प्रारम्भ गरिएको छ ।
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना विशेष उद्देश्य भएको कम्पनी मार्फत विकास गर्नका लागि चिनिया साझेदारहरूसंग संयुक्त लगानी सम्भौता हस्ताक्षर गरिएको छ ।
- चिनोखोला जलविद्युत आयोजनाको लागि विशेष उद्देश्य भएको कम्पनी खोल्ने प्रक्रिया प्रारम्भ गरिएको छ ।
- उल्लेखित मर्स्याङदी क्यासकेड आयोजनाहरूको क्षमता पूनः निर्धारण गरिएको छ । मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३५ मे.वा., तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३९.२ मे.वा. र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको ३२७ मे.वा. क्षमता निर्धारण गरिएको छ ।
- कर्मचारी यूनियनसंग दुई वर्षका लागि सामुहिक सौदावाजीको सम्भौता हस्ताक्षर गरिएको छ ।

## अवको अगाडिका यात्राः

कम्पनीको यस आ.व. २०७६।०७७ को अवको अगाडिका यात्रा शेयरधनीहरूको दिर्घकालिन हितलाई आकार प्रदान गर्नका लगि महत्वपूर्ण रहेको छ । यस वर्षका लक्षहरू निम्न अनुसार रहेका छन्ः

- न्यादी जलविद्युत आयोजना (३० मे.वा.) को निर्माण सम्पन्न हुनेछ र यस आयोजनाले विद्युत उत्पादन प्रारम्भ गरी नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गर्नेछ । साथै, आयोजना कम्पनी न्यादी हाइड्रोपावर लिमिटेडले प्रारम्भिक सार्वजनिक निष्काशन सम्पन्न गर्नेछ ।
- आयोजना कम्पनी हिमाल पावर लिमिटेडले खिम्ती प्रथम जलविद्युत आयोजनामा रहेको ५०% स्वामित्व सम्बन्धी हितको हस्तान्तरण

एवं नयाँ विद्युत खरिद बिक्रीको सम्झौता गर्नेछ ।

- मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनीको शेयरहरू चिनिया साझेदारहरूलाई हस्तान्तरणको कार्य सम्पन्न गरिनेछ ।
- चिनिया साझेदारहरूको संयुक्त लगानीमा तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना कम्पनी स्थापना गरिनेछ ।
- मर्स्याङदी क्यासकेड आयोजनाहरू (मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना) को विद्युत खरिद बिक्री सम्झौता तथा आयोजना विकास सम्झौताको प्रक्रियालाई तदारूक्ताका साथ अघि बढाइने छ र सो आयोजनाहरूका लागि कर्जा सुविधाहरू प्राप्त गर्नका लागि वित्तिय संस्थाहरूसंग छलफल शुरू गरिनेछ । मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको निर्माण प्रारम्भ हुने अपेक्षा समेत गरिएको छ ।
- चिनो खोला जलविद्युत आयोजनाको आयोजना कम्पनी स्थापना गरिनेछ ।
- कावेली ए जलविद्युत आयोजना (३७.६ मे.वा.) को निर्माण कार्यलाई सामान्य लयमा ल्याउनका लागि यस आयोजनको उद्धारको लागि संपूर्ण प्रयासहरू गरिनेछ ।
- कम्पनीको आन्तरिक व्यवस्थापन प्रणालीलाई मजवुद बनाइने छ र संचालक समिति अर्न्तगतका विभिन्न समितिहरूले त्यस तर्फ काम गरिरहेका छन् ।

## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७५।०७६ मा प्रत्यक्ष वा परोक्ष रूपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं । संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं निरन्तर योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

धिन्यवाद ।

संचालक समितिको तर्फवाट

**पद्म ज्योति**
अध्यक्ष
मितिः पौष २४, २०७६

# संक्षिप्त आर्थिक प्रतिवेदन

**आ.व. २०७५/७६ को (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)**

## शेयरधनीज्यूहरु,

१. यस बुटवल पावर कम्पनी लिमिटेडको व्यवसाय अन्तर्गत आफैले संचालन गर्दै आएका दुई बिद्युत गृहहरू तथा विद्युत वितरण संजाल, जलविद्युत सम्बद्ध कम्पनीहरूमा लगानी, केही नयाँ जलविद्युत आयोजनाहरूमा पनि यस वर्ष लगानी गरेको र केही जलविद्युत आयोजनाहरूको अध्ययन तथा निर्माणको चरणमा रहेको व्यहोरा यहाँहरूलाई अवगत नै छ । प्रस्तुत संक्षिप्त प्रतिवेदनले कम्पनीको आ.व. २०७५।०७६ को कार्यसंपादन तथा समग्र वित्तिय अवस्थाका वारेमा समेटेको छ । साथै, आयोजनाहरूको प्रगतिका विषयलाई समेत प्रतिवेदनमा संक्षेपमा उल्लेख गरिएको छ ।

२. यस कम्पनीले आ.व. २०७५।०७६ मा खुद मुनाफा ८.३% ले बृद्धि गर्न सफल भएको छ । गत वर्ष खुद मुनाफा रू. ७० करोड २३ लाख रहेकोमा यस वर्ष रू. ७६ करोड ३ लाख भएको छ । यद्यपि, शेयर पूँजीमा आएको बृद्धिका कारण प्रति शेयर आम्दानीमा केही कमी हुन आएको छ । गत वर्ष प्रति शेयर आम्दानी रू. ३२.५९ रहेकोमा यस वर्ष रू. ३१.१५ रहेको छ ।

कम्पनीको वित्तिय परिणामहरूको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. हजारमा)

| विवरण | आ.व. २०७५।७६ | आ.व. २०७४।७५ | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४८६.८३ | ४७७.१० | २.०४% |
| उपभोक्तालाई बिद्युत बिक्रि तथा सेवाहरू | १९६.२४ | १८९.२७ | ३.६८% |
| उत्पादन खर्च | २६६.३१ | २६३.२६ | १.१६% |
| वितरण खर्च | १३७.०४ | ११०.८५ | २३.६२% |
| कूल मुनाफा | २७९.७२ | २९२.२५ | –४.२९% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ६१३.७१ | ५५१.९६ | ११.१९% |
| प्रशासनिक तथा अन्य खर्च | १६४.२५ | १२६.१५ | ३०.२१% |
| ब्याज तथा कर अघिको नाफा | ७३५.०३ | ७२३.० | १.६६% |
| कर अघिको नाफा | ८४४.९४ | ७५०.२० | १२.६३% |
| कर पछिको खुद मुनाफा | ७६०.३४ | ७०२.२६ | ८.२७% |
| अन्य कम्पनीहरूमा लगानी | ४,५३०.३० | २,६६१.९३ | ७०.१९% |
| प्रतिशेयर आम्दानी रू. | ३१.१५ | ३२.५९ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ६,९०१.२८ | ६,५१०.२० | ६.०१% |

यस आ. व. को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छ ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. हजारमा)

| विवरण | आ.व. २०७५।७६ | आ.व. २०७४।७५ | परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,१७२.८८ | १,८०८.५७ | २०.१४% |
| विक्री लागत | १,७७८.२७ | १,३१२.० | ३५.५४% |
| कूल मुनाफा | ३९४.६१ | ४९६.५७ | –२०.५३% |
| ब्याज तथा कर अघिको नाफा | ७६६.३२ | ८०८.६४ | –५.२३% |
| कर अघिको खूद मुनाफा | ८७४.५४ | ८२०.४४ | ६.५९% |
| कर पछिको खूद मुनाफा | ७७०.६६ | ७४५.३६ | ३.३९% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ७५५.२९ | ७२३.१९ | ४.४४% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | १५.३७ | २२.१७ | –३०.६९% |
| प्रतिशेयर आम्दानी रू. | ३०.९५ | ३३.५६ | |
| खूद सम्पत्ति (नेटवर्थ) | ७,४०५.८२ | ७,००९.७४ | ५.६५% |

कम्पनीको सहायक तथा सम्बद्ध कम्पनीहरूमा हिमाल पावर लि., खुदी हाइड्रोपावर लि., हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि., विपिसि सर्भिसेज लिमिटेड र हाइड्रो ल्याव प्रा.लि.को समग्र कार्य संपादन राम्रो रहेको छ । नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.को वित्तिय विवरण उपलब्ध भएको छैन भने कावेली जलविद्युत आयोजनाको निर्माण स्थगित भएको अवस्था छ । न्यादी जलविद्युत आयोजनाको निर्माण समयमानै सम्पन्न हुने अपेक्षा गरिएको छ ।

३. कम्पनीले सहायक तथा सम्वद्ध कम्पनीहरूमा निम्न अनुसार लगानी गरेको छः

| कम्पनीको नाम | शेयर संख्या | लगानी प्रतिशत | लगानी ने.रू. लागतका आधारमा | लगानी ने.रू. फेयर भ्यालुका आधारमा |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २,९७८,५०२ | १६.८८ | ४३४,९३१,४६१ | १,१७५,०४९,४८५ |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि | ७१५,८०० | ५१.३० | ७१,५८०,००० | |
| खुदी हाइड्रोपावर लि. | ५०४,००० | ६०.०० | ५०,४००,००० | |
| खुदी हाइड्रोपावर लि. (अग्राधिकार शेयर) | ५७६,००० | | ५७,६००,००० | |
| न्यादी हाइड्रोपावर लि. | १०,७५१,४५३ | ९८.१८ | १,०७५,१४५,३०० | |
| कावेली इनर्जि लि. | २,९६६,८६० | २७.२४ | २९६,६८६,००० | |
| हाइड्रो-कन्सल्ट इन्जिनियरिङ लि. | ११७,७८५ | ८०.०० | ११,७७८,५०० | |
| विपिसि सर्भिसेज लि. | १००,००० | १००.०० | १०,०००,००० | |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १०.७३ | १,०००,००० | १७,२५४,९३९ |
| गुरांस इनर्जि लिमिटेड | ३,३१९,८३६ | ४०.०० | ३३१,९८३,६०० | |

| | | | | |
|---|---|---|---|---|
| हिमताल हाइड्रोपावर कं. प्रा. लि. | ६०१,३०० | १९.४० | ७७७,९०२,८३० | |
| मनाङ्ग मर्स्याङ्गदी हाइड्रोपावर कं. प्रा. लि. | ८८५,९६० | १००.०० | ५६४,१७३,७९० | |
| मर्स्याङ्गदी ट्रान्समिसन कम्पनी प्रा. लि | ६,४०६ | १९.४० | १०,३४६,२४५ | |
| कावेली इनर्जिलाई परिणत योग्य सापटी | | | १,२६०,०४४ | |
| एससिआइजी इन्टरनेशनल नेपाल हाइड्रो जे. भी. कं. प्रा. लि. | | | ९३,५२०,८७६ | |
| **जम्मा** | **२३,५३३,९०२** | | **३,७८८,३०८,६४६** | **१,१९२,३०४,४२४** |

४. यस वर्ष आँधीखोला बिद्युत गृहवाट ६८.०५ गिगावाट आवर तथा भिमरूक बिद्युत गृहवाट ६९.५१ गिगावाट आवर बिद्युत उत्पादन भयो । आँधीखोला बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ३६.८५ गिगावाट आवर तथा भिमरूक बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ६३.२० गिगावाट आवर नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिएको थियो । कम्पनीले आफ्ना वितरण प्रणालीमा उपलब्ध विद्युत मध्ये ३१.४८ गिगावाट आवर बिद्युत आफ्ना ग्राहकहरूलाई बिक्री गऱ्यो । यो बिक्री गत बर्षको बिद्युत बिक्री भन्दा २.७६% ले बढी हो । आ.व. २०७५।७६ को अन्तसम्ममा कम्पनीको वितरण व्यवसाय अर्न्तगत उपभोक्ताहरूको संख्या गत वर्षको तुलनामा ४% ले बृद्धि भई ५६,१९४ पुगेको छ ।

५. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती देहाय वमोजिम रहेको छः

(क) न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को निर्माण कार्य समय तालिका अनुसार नै अघि बढेको छ र करीव ७५% कार्य सम्पन्न भइसकेको छ । नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने प्रशारण लाईन तथा सबस्टेशनको निर्माण ढिलाईले गर्दा उत्पादित विद्युत खेर जान नदिनका लागि बैकल्पिक योजना तयार गरी प्रशारण लाईनको कार्य भईरहेको छ । यस आयोजनाले विद्युत उत्पादन गर्नु पर्ने भनी निर्धारण गरिएको मिति अप्रिल १८, २०२० मा विद्युत उत्पादन गर्ने लक्षका साथ कार्य भईरहेको छ । यस आयोजनाले बार्षिकरूपमा १६८ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ ।

(ख) कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण कार्य सिभिल तथा हाइड्रोमेकानिकल कार्यहरूको काम गुणस्तर नभएको र निर्माण तालिका अनुसार काम नगरेको कारण इपीसी ठेकेदारसंगको ठेक्का अन्त्य गरिएको छ र निर्माण कार्यहरू रोकिएको छ । विश्व बैकले प्रदान गरेको कर्जाको अवधी बढाउनका लागि प्रक्रिया प्रारम्भ गरिएकोमा सो कार्य विगत ८ महिना देखी नेपाल सरकारमा विचाराधिन रहेको छ । इपीसी ठेकेदारले दिएको अग्रिम भुक्तानी जमानत दावी गरि भुक्तानी लिइएको छ । त्यसैगरी निजले पेश गरेको कार्यसंपादन जमानत दावी गरिएकोमा निजले सिङ्गापुर स्थित अदालतमा मुद्दा हालेको कारण सो वापतको ७६ लाख अमेरिकी डलर रकम प्राप्त हुन बाँकी छ र निज ठेकेदारले सो रकम

सिङ्गापुरको अदालतको आदेश अनुसार सो अदालतमा जम्मा गरिसकेको छ । यस आयोजनालाई पूर्नस्थापना गर्नका लागि आवश्यक कार्यहरू भईरहेको छ ।

(ग) मर्स्याङदी नदीमा मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३५ मेगावाट), तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३९.२ मेगावाट) र अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (३२७ मेगावाट) लाई क्यासकेड आयोजनाको अवधारणामा निर्माण गर्नका लागि चिनिया साझेदार कम्पनीहरू Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संग आवश्यक सम्झौताहरू भएका छन् । यी आयोजना कम्पनीहरूमा यस कम्पनीको करीव २०% शेयर स्वामित्व हुनेछ । तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया प्रारम्भ भएको छ भने कनेक्सन एग्रिमेण्ट भैसकेको छ । मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजना विकास गर्ने हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.को शेयरहरू चिनिया साझेदारहरूसंग मिलेर खरिद गरिएको छ । स्वदेशमै विद्युत आपूर्ति गर्ने गरी उल्लेखित आयोजनाहरूको क्षमतामा आवश्यक सुधार गरी निर्माण गरिने छ ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ । बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृतिका लागि पेश गरिएको छ । यस आयोजनावाट उत्पादित विद्युत मर्स्याङदी क्यासकेड आयोजनाहरूलाई आयोजना निर्माणको अवधीभर बिक्री गर्ने र त्यसपछि नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने योजनाका साथ यसको कार्यहरू अघि बढाइएको छ । यस आयोजना विकासको लागि नयां कम्पनी दर्ता गर्ने कार्य शुरू भएको छ ।

(छ) मुगु कर्णाली जलविद्युत आयोजना (१६० मेगावाट) को सर्वेक्षण अनुमतिपत्र प्राप्त भई संभाव्यता अध्ययनको कार्य भईरहको छ । यस आयोजनाको केही क्षेत्रहरू नेपाल सरकारको विद्युत उत्पादन कम्पनी लिमिटेडले अध्ययन गर्दै गरेको तल्लो तटीय आयोजनासंग दोहोरो परेको हुँदा सो सम्बन्धमा स्पष्ट भएपछि तथा यसको लागि आवश्यक पर्ने प्रशारण लाईनको विषयमा स्पष्ट भएपछि विकास गर्ने गरी यस आयोजनालाई अघि बढाइएको छ ।

६. कम्पनीको २६औं साधारण सभावाट सर्वसाधारण शेयरधनीहरूका तर्फवाट दुई जना संचालकहरू डा. सन्दीप शाह र श्री दिनेश हुमागाँईं निर्वाचित हुनु भएको छ र सो सभाले स्वतन्त्र संचालकमा श्री तिर्थमान शाक्यलाई नियुक्त गरेको छ । कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिका साथै अर्थ समिति पनि गठन गरेको छ । साथै, संचालक समितिले परिपालना अधिकृत समेत नियुक्त गरेको छ । कम्पनीले आफ्नो श्रम लेखापरीक्षण कार्य सम्पन्न गरी श्रम लेखापरीक्षण प्रतिवेदन श्रम कार्यालयमा पेश गरेको छ । कम्पनीले ऐन नियम अनुसार प्रकाशित गर्नु पर्ने त्रैमासिक प्रतिवेदनहरू ल्गायतका प्रतिवेदनहरू प्रकाशित गर्दै आएको छ ।

८. कम्पनीको कर्मचारी संख्या स्थायी, समयगत, कार्यगत र आंशिक गरी जम्मा २२१ रहेको छ । कम्पनीले औद्योगिक तथा व्यापारिक सम्बन्ध विस्तार लगायत कम्पनीले गुणस्तर, वातावरण तथा कार्यगत स्वास्थ र सुरक्षाको लागि ISO 9001:2015; ISO 14001:2015 तथा ISO 18001:2007 को प्रमाणिकरणलाई पनि निरन्तरता दिएको छ । कम्पनीको आन्तरिक लेखापरीक्षकमा पि.एल.श्रेष्ठ एण्ड कम्पनी., चार्टड एकाउण्टेण्टले र बाह्य लेखापरीक्षककोरूपमा सिएससी एण्ड कं., चार्टड एकाउण्टेण्टस्ले आ.व. २०७५।०७६ को लेखापरीक्षण सेवा उपलब्ध गराउनु भयो ।

९. कम्पनीको संचालक समितिले आ.व. २०७५।०७६ को खुद मुनाफावाट चुक्ता पूँजीको १८% नगद लाभांश तथा १०% बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेको छ ।

१०. चालु आ.व.मा निर्माणाधिन आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिने तथा नयाँ आयोजनाहरूलाई निर्माणमा लैजाने कार्यको थालनी गरिनेछ ।

११. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित आर्थिक विवरणहरू तथा बार्षिक प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सि.ए. जितेन्द्र कुमार मिश्र**
साझेदार
सिएससि एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

## २०७६ आषाढ ३१ गतेका
# वित्तिय अवस्थाको विवरण

| | | विवरण | आ.व. २०७५।७६ रू. | आ.व. २०७४।७५ रू. |
|---|---|---|---|---|
| १. | | **सम्पत्ति** | | |
| | १ | **गैर चालू सम्पत्ति** | | |
| | | जायजेथा, प्लाण्ट तथा उपकरण | ३३८,७७१,३०३ | ३५८,४८३,८२९ |
| | | पूंजीगत कार्य प्रगति | ५३३,९२५ | २,३८१,७५६ |
| | | अदृष्य सम्पत्ति | १,९२७,४७२,५८९ | १,९५४,३१६,६९७ |
| | | आयोजना कार्य प्रगति | २२१,२६७,२२५ | २०६,५६२,७०४ |
| | | **वित्तीय सम्पत्ति** | | |
| | | सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | ३,३३८,००२,१४६ | १,५०९,११५,५५१ |
| | | अन्य लगानी | १,१९२,३०४,४२४ | १,१५२,८१८,७२६ |
| | | अन्य गैर चालू सम्पत्ति | ५,६४९,०९४ | २,४०७,३७७ |
| | | **जम्मा गैर चालू सम्पत्ति** | **७,०२४,०००,७०६** | **५,१८६,०८६,६४०** |
| २. | | **चालु सम्पत्ति** | | |
| | | मौज्दात | ४२,७७९,४०५ | ४४,९८५,८३६ |
| | | **वित्तीय सम्पत्ति** | | |
| | | व्यापारिक आसामी लिनुपर्ने | ९८,६७९,५३३ | ८८,२६६,३४६ |
| | | नगद तथा नगद समान | ३१२,०९५,४२७ | ५७५,६८३,६४८ |
| | | अन्य बैंक मौज्दात | ३५,००८,००० | ३७,५१८,२९९ |
| | | अन्य वित्तीय सम्पत्ति | ३७३,३९६,३५२ | १,६७४,५४३,५७९ |
| | | अन्य चालू सम्पत्ति | १८,९२०,६१४ | १०,५५७,५७० |
| | | चालू कर सम्पत्ति (खूद) | ४४,३८९,७९५ | ६७,९४९,६५२ |
| | | **जम्मा चालु सम्पत्ति** | **९२५,२६९,१२६** | **२,४९९,५०४,९३०** |
| | | **जम्मु सम्पत्ति** | **७,९४९,२६९,८३२** | **७,६८५,५९१,५७०** |
| ३. | | **कोष तथा दायित्व** | | |
| | १ | **कोष** | | |
| | | इक्वीटी शेयर पूंजी | २,४४०,५५५,४०० | २,२१८,६७२,००० |
| | | अन्य इक्वीटी | ४,४६०,७२५,९८३ | ४,२९१,५२४,८८९ |
| | | **जम्मा कोष** | **६,९०१,२८१,३८३** | **६,५१०,१९६,८८९** |
| ४. | | **दायित्व** | | |
| | १ | **गैर चालू दायित्व** | | |
| | | ग्राण्ट अनुदान जगेडा | २०२,६५९,४३२ | २०८,५७४,६८१ |
| | | **वित्तिय दायित्व** | | |
| | | ऋृण सापटी | २३३,५२०,२९५ | ३२८,२७०,५०४ |
| | | व्यवस्थाहरू | १०,९३९,२८१ | १०,०३४,०९५ |
| | | स्थगन कर | ३३९,३३६,७८५ | २९१,४३३,१०७ |
| | | अन्य गैर चालू दायित्व | २४,११३,६४५ | २२,४६४,५४० |
| | | **जम्मा गैर चालू दायित्व** | **८१०,५६९,४३८** | **८६०,७७६,९२७** |
| ५. | | **चालू दायित्व** | | |
| | | **वित्तीय दायित्व** | | |
| | | ऋृण सापटी | ९४,९८९,१५२ | १६१,१५४,७४२ |
| | | व्यापारिक साहू तिर्नुपर्ने | २५,५०६,९९२ | २८,०२६,६०८ |
| | | अन्य वित्तीय दायित्व | ३८,२४२,२५० | २९,८१२,३१९ |
| | | व्यवस्थाहरू | १,४६०,००१ | ७७६,७४० |
| | | अन्य चालू दायित्व | ७७,२२०,६१६ | ९४,८४७,३४५ |
| | | **जम्मा चालू दायित्व** | **२३७,४१९,०११** | **३१४,६१७,७५४** |
| | | **जम्मा दायित्व** | **१,०४७,९८८,४४९** | **१,१७५,३९४,६८१** |
| | | **जम्मा कोष तथा दायित्व** | **७,९४९,२६९,८३२** | **७,६८५,५९१,५७०** |

## २०७६ आषाढ ३१ गते समाप्तवर्षको
# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७५।७६ रू. | आ.व. २०७४।०७५ रू. |
|---|---|---|
| बिक्री | ६८३,०७७,७५६ | ६६६,३६६,९४० |
| **बिक्रि लागत** | | |
| उत्पादन खर्च | (२६६,३११,७३८) | (२६३,२५९,२४२) |
| वितरण खर्च | (१३७,०४४,७७५) | (११०,८५५,२४९) |
| **कूल मुनाफा** | **२७९,७२१,२४३** | **२९२,२५२,४४९** |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ७,६८१,३५० | ७,१८३,४०८ |
| अन्य आर्य | ६१३,७०८,६६८ | ५५१,९५८,४५२ |
| प्रशासनिक तथा अन्य संचालन खर्चहरू | (१६४,२५५,५२२) | (१२६,१४९,९२६) |
| लगानीमा नोक्सान व्यवस्था | (१,८३०,१७०) | (२,२४४,२५२) |
| अन्य सम्पत्ति विक्रीमा लाभ (हानि) | ० | ० |
| **संचालनवाट मुनाफा** | **७३५,०२५,५६९** | **७२३,०००,१३१** |
| वित्तीय आय | १५१,५३९,९०२ | ९२,५९७,३९९ |
| वित्तीय लागत | (४१,६२७,७४१) | (६५,३९३,१९४) |
| **कर अघिको मुनाफा** | **८४४,९३७,७३०** | **७५०,२०४,३३६** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | (४६,७२९,९९६) | (१९,३१७,६७८) |
| स्थगन कर आम्दानी /(खर्च) | (३७,८७२,३७८) | (२८,६२३,४३०) |
| **चालु वर्षको मुनाफा** | **७६०,३३५,३५६** | **७०२,२६३,२२८** |
| **अन्य विस्तृत आय (other comprehensive income)** | | |
| रोजगार निश्चित सुविधा योजनाको पुनर्मुल्यांकन लाभ | ० | ० |
| इक्वीटी औजारवाट देखिएको अन्य विस्तृत आय | ४०,१२५,१९८ | १२,४८७,२८८ |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | (१०,०३१,३००) | (१७९,०६१,९४१) |
| **जम्मा अन्य विस्तृत खूद आय** | **३०,०९३,८९८** | **(१६६,५७४,६५३)** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **७९०,४२९,२५४** | **५३५,६८८,५७५** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ३१.१५ | ३२.५९ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ३१.१५ | ३२.५९ |

# नोट:

**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4781776, 4784026
Fax: 977-1-4780994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 994860105
Fax: 994860104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIASON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058